# कोटहीमाई गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः५ मितिः२०८२/०५/२९

## भाग-२

## कोटहीमाई गाउँपालिकाको धार्मिक तथा साँस्कृतिक पर्वहरूका लागि आर्थिक सहयोग मापदण्ड, २०८२

### १. उद्देश्य

धार्मिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै गाउँपालिकाभित्र मनाइने प्रमुख पर्वहरूको व्यवस्थापन तथा हर्षोल्लासलाई बढावा दिनका लागि आवश्यक आर्थिक सहयोगलाई व्यवस्थित र पारदर्शी बनाउनको लागि कोटहीमाई गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,

२०७५ को दफा ४ बमोजिमको अधिकार प्रयोग गरि कोटहीमाई गाउँ कार्यपालिकाको मिति २०८२/०५/२९ गतेको वैठकवाट " कोटहीमाई गाउँपालिकाको धार्मिक तथा साँस्कृतिक पर्वहरूका लागि आर्थिक सहयोग मापदण्ड, २०८२"पारितगरिलागुगरिएकोछ।

## २. परिभाषा

प्रस्तुत मापदण्डको प्रयोजनका लागिः

- **गाउँपालिकाः**कोटहीमाई गाउँपालिका, रूपन्देही।
- **पर्वः**दुर्गा पूजा, छठ पूजा, दीपावली, ईद, इफ्तार, तथा कार्यपालिकाले निर्णय गरेका अन्य प्रमुख धार्मिक/सांस्कृतिक पर्वहरू।
- **आयोजक समितिः**सम्बन्धित पर्वको आयोजना तथा व्यवस्थापन गर्नका लागि वडा कार्यालयमा विधिवत् रूपमा दर्ता भएको/सिफारिस प्राप्त गरेको समिति वा समूह वा व्यक्ति।

## ३. सहयोग प्राप्त गर्न सक्ने पर्वहरू

गाउँपालिकाले देहायका पर्वहरूका लागि आर्थिक सहयोग उपलब्ध गराउनेछः

- दुर्गा पूजा (दशैं)
- छठ पूजा
- दीपावली (लक्ष्मी पूजा)
- ईद (ईद-उल-फित्र र ईद-उल-अजहा)
- इफ्तार कार्यक्रम
- अन्य, गाउँपालिका कार्यपालिकाको निर्णयअनुसार।

## ४. सहयोग प्राप्त गर्न योग्यताका आधार

आर्थिक सहयोग प्राप्त गर्नका लागि आयोजक समितिले देहायका मापदण्ड पूरा गरेको हुनुपर्नेछः

- **दर्ता/सिफारिसः**आयोजक समिति सम्बन्धित वडा कार्यालयमा दर्ता भएको वा वडा कार्यालयबाट सिफारिस प्राप्त गरेको हुनुपर्नेछ वा व्यक्तिले स्वयँ कार्यक्रम सञ्चालन गरेको हुनुपर्नेछ।
- **सार्वजनिक हितः**पर्वको आयोजना**सार्वजनिक स्थानमा**गरिएको र सो पर्वमा गाउँपालिकाका नागरिकहरूको पहुँच सुनिश्चित हुनुपर्नेछ।
- **गैर-व्यक्तिगतः**सहयोग व्यक्तिगत प्रयोजनका लागि नभई**सामुदायिक र सामूहिक**प्रयोजनका लागि हुनुपर्नेछ।
- **न्यूनतम सहभागिताः**पर्व आयोजना गरिएको स्थानमा**न्यूनतम ३० जना (तीस जना)**व्यक्ति/परिवारको सहभागिता हुनुपर्नेछ (इफ्तार कार्यक्रमको हकमा मात्र)।

## ५. सहयोगको सीमा र प्रकार

यस गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष ज्यूहरुबाट धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरुको लागि दिईने आर्थिक सहायता तोक आदेश/सिफारिसका आधारमा यस मापदण्ड बमोजिम हुनेछ। आर्थिक सहयोग नगद अनुदानका रूपमा गरिनेछ। सहयोगको सीमा पर्वको प्रकृति र कार्यपालिकाको निर्णयमा आधारित हुनेछः

| पर्वको प्रकृति | प्रति स्थान/आयोजक समिति अधिकतम सीमा |
|---|---|
| दुर्गा पूजा (पूजा तथा विसर्जन) | रु. २१,०००/- (बीस हजार मात्र) |
| छठ पूजा (पूजास्थल सरसफाई/व्यवस्थापन) | रु. २१,०००/- (बीस हजार मात्र) |
| दीपावली (सामुदायिक पूजा/साँस्कृतिक कार्यक्रम) | रु. २१,०००/- (बीस हजार मात्र) |
| ईद (सामुदायिक नमाज/खानेपानी व्यवस्थापन) | रु. २१,०००/- (बीस हजार मात्र) |
| इफ्तार कार्यक्रम (सामुदायिक इफ्तार) | रु. २१,०००/- (बीस हजार मात्र) |
| अन्य स्वीकृत पर्व | कार्यपालिकाबाट पछि अनुमोदन हुने गरी गाउँपालिकाको हकमा अध्यक्ष ज्यूको र वडाको हकमा वडा अध्यक्ष ज्यूको सिफारिसमा तोके बमोजिमको बजेट सिमा भित्र रहेर आवश्य रकम। |

**नोटः**बजेटको उपलब्धता तथा मागको आधारमा कार्यपालिकाले यो सीमामा परिवर्तन गर्न सक्नेछ।

## ६. निवेदन प्रक्रिया

- सहयोगको लागि निवेदन दिनुपर्नेछ र निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरूः
    - वडा कार्यालयको सिफारिस पत्र।(वडा कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको हकमा अनिवार्य)
    - आयोजक समिति/व्यक्तिको विवरण (पदाधिकारीहरूको नाम, ठेगाना, सम्पर्क नम्बर)।
    - आयोजना स्थलको नक्सा वा विवरण वा ठेगाना।
    - अनुमानित बजेट तथा खर्चको शीर्षक।
- वडा कार्यालयले निवेदनहरू रुजु गरी आफ्नो सिफारिससहित भुक्तानी/पेश्की फछ्र्यौटका लागि गाउँपालिकामा पठाउनेछ।

## ७. फरफारक तथा अनुगमन

- आर्थिक सहयोग प्राप्त गर्ने समितिले पर्व सम्पन्न भएको३० **दिनभित्र**सहयोग रकम खर्च भएको बिल भरपाईसहितको प्रतिवेदन गाउँपालिकामा पेस गर्नुपर्नेछ।
- गाउँपालिकाले आवश्यकता अनुसार पेश्की रकम उपलब्ध गराउन सक्नेछ।
- गाउँपालिकाले आवश्यकताअनुसार सहयोग रकमको सदुपयोग भए नभएको अनुगमन गर्नेछ।
- यदि कुनै आयोजक समितिले झुट्टा विवरण पेस गरी सहयोग रकम लिएको पाइएमा, उक्त रकम असुलउपर गरिनुका साथै भविष्यमा गाउँपालिकाबाट कुनै पनि सहयोग प्रदान गरिनेछैन।

## ८. खारेजी

**गाउँपालिकाले धार्मिक तथा साँस्कृतिक पर्वहरूका लागि आर्थिक सहयोगको लागि अन्य कुनै कार्यविधि तथा कानून तर्जुमा गरेर लागु गरेमा यो मापदण्ड स्वतः खारेज भएको मानिनेछ।**

आज्ञाले
अजय मिश्र
प्रमुख प्रशासकीय अधिकृत